**सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन (पहिलो संशोधन), कार्यविधि २०८२**

नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०८२।०४।१६

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०८० लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, जार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को परिच्छेद-४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन (पहिलो संशोधन), कार्यविधि २०८२" रहने छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाइ सम्झनु पर्दछ।

३. मूल कार्यविधिको परिच्छेद-२ को दफा ७ को उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छ।

देहाय:

"(१) नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम लागत साझेदारीमा अनुसूची-१ बमोजिम मेसिनरी तथा औजार उपकरण वितरण कार्यक्रम सञ्चालन गर्दा सर्वसाधारण कृषक तथा लाभग्राहीको हकमा ५०% र विपन्न र अतिविपन्न कृषक लाभग्राहीको हकमा ८०% अनुदानमा सामग्री उपलब्ध गराइने छ।"

४. मूल कार्यविधिको परिच्छेद-२ को दफा ७ को उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएको छ।

देहाय:

"(३) नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम लागत साझेदारीमा अनुसूची-१ बमोजिम मेसिनरी तथा औजार उपकरण वितरण कार्यक्रम सञ्चालन गर्दा लाभग्राहीहरुको अन्तिम छनौट नगर कार्यपालिकाले वडा कार्यालयको सिफारिस तथा विपन्न र अति विपन्नको हकमा पहिचान कार्ड वा वडा कार्यालयको विपन्न वा अति विपन्न भएको प्रमाणीकरण सिफारिसको आधारमा निर्णय गरे बमोजिमको हुनेछ।"

५. मूल कार्यविधिको अनुसूची-५ मा देहाय बमोजिमको क्र.स. १२ थप गरिएको छ।

देहाय:

| क्र.स. | सूचाङ्कका आधार |
|---|---|
| १२ | विपन्न र अति विपन्न लाभग्राही |